

# दोर्दी-१ जलविद्युत खबर

श्रावण २०७८, अंक ४८

लमजुङ जिल्ला दोर्दी गाउँपालिका स्थित रहेको दोर्दी खोलामा, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड द्वारा प्रबिर्धित दोर्दी–१ जलविद्युत आयोजना (१२ मे.वा.) को निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । यस आयोजनाको सम्पुर्ण प्रगति विवरणको मुल्याङकनको आधारमा ९३ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ ।

आयोजनाको Head works अर्न्तगतको निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको अवस्थामा मिति आषाढ ०१, २०७८ आएको भारी वर्षाका कारण दोर्दी खोलामा आएको बाढीले आयोजनाको Desandar को Protection Wall र Stilling Basin मा क्षति पुगेको थियो । हाल Head works मा भएको क्षतिको Temporary Protection work को कार्य सम्पन्न भईसकेको छ ।

जेष्ठ २०७७ मा Break through भएको सुरुङको हाल अन्तिम finishing अर्न्तगत ShortCrete, Invert Concrete Lining र Rib Crown Concreting को कार्य सम्पन्न भईसकेको छ । त्यसैगरि Surge Tank Concreting को कार्य सम्पन्न भई Surge Tank Shade को निर्माण कार्य पनि भईसकेको छ ।



*आयोजनाको सुरुङ निर्माण स्थलको कार्य झलक ।*



***Railling and Shades in Headworks.***

आयोजना स्थलमा ७२० मिटर पेनस्टक पाइप मध्ये ६६५ मिटर पेन स्टक पाइप जडान भई ढलान भईसकेको छ र बाँकी पेन स्टक पाइप जडान निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको छ ।



*आयोजनाको **Pen stock pipe** को जडान गर्ने कार्य गरिँदै ।*

यस आयोजनाको पावर हाउसमा सिभिल कार्य अन्र्तगत पावर हाउस finishing को कार्य सम्पन्न भइसकेको छ । साथै इलक्ट्रोमेकानिकल कार्य अन्र्तगत मिति आषाढ १, २०७८ मा आएको दोर्दी खोलाको बाढीले आयोजनाको पावर हाउसमा पुऱ्याएको क्षतीको हाल पुनः स्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । हाल Generator र अन्य सम्पुर्ण Accessories हरुको पुनः स्थापना सगै पावर हाउस Switchyard मा Equipment तथा Earthing को Erection कार्य भैरहेको छ । यसका साथै Auxilliary Transformer र Diesel Generator को Erection पनि भईसकेको छ ।



***Power House Control Room***



***Power House Machine Hall***

आयोजनाको पावर हाउस देखि ३.५ किलोमिटरमा रहेको NEA को Kirtipur Substation को निर्माण कार्य भइरहेको छ । सवस्टेसनमा उत्पदित विद्युत, विद्युत प्रसारण लाईनको मध्यमबाट विद्युत प्रवाह गरिने छ । मिति आषाढ ०१, २०७८ दोर्दी खोलामा आएको बाढीले नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनको टावरमा पनि क्षति पुऱ्याएको हो । हाल नेपाल विद्युत प्रधिकरण १३२ KV कोरिडोरले क्षति गरि पुनः स्थापनाको कार्य अगाडी बढाएको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने १५ वटै टावरहरुको फाउन्डेसन निर्माणका कार्य सम्पन्न भई टावर Erection को कार्य नि सम्पन भई सकेको छ भने आगमी महिना देखि रुख काटान र तार Stringing को लागि तयारी भईरहेको छ । आवश्यक Transmission line जडान सामाग्री जस्तैः Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य भईसकेको छ ।



सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np